पोखरा विश्वविद्यालय
विज्ञान तथा प्रविधि संकाय
स्कुल अफ इन्जिनियरिङ्ग
पोखरा-३०, कास्की

**सर्भे क्याम्प सञ्चालन व्यवस्थापन, र खाना तथा आवास सेवा खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

शिलबन्दी दरभाउपत्र नः SOE/SQ/ 2079-80/03 प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०९

१. पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्कुल अफ इन्जिनियरिङ्ग सर्भे क्याम्प सञ्चालन व्यवस्थापन, र खाना तथा आवास सेवा शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नको लागि यो दरभाउपत्र आह्वान गर्दछ ।
२. शिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरूले थप जानकारीको लागि वा शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम हेर्नको लागि : स्कुल अफ इन्जिनियरिङ्ग, पोखरा-३०, कास्की, फोन नं.: ०६१-५०४१४१ मा सम्पर्क राख्न र कार्यालयको वेभसाईट www.pu.edu.np मा हेर्न सकिनेछ ।
३. योग्य शिलबन्दी दरभाउपत्रदाताले मिति २०७९/१२/२३ गते कार्यालय समय भित्र १,००० रुपैयाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन स्कुल अफ इन्जिनियरिङ्ग, पोखरा-३०, कास्कीमा पेश गरी शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।
४. शिलबन्दी दरभाउपत्र २०७९/१२/२४ गते मध्यान्ह १२:०० बजे भित्र स्कुल अफ इन्जिनियरिङ्ग, पोखरा-३०, कास्कीमा दर्ता गर्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।
५. प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु २०७९/१२/२४ गते अपराह्न २:०० बजे उपस्थित हुन चाहने दरभउपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहबरमा स्कुल अफ इन्जिनियरिङ्ग, पोखरा-३०, कास्कीमा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ । दरभाउपत्रको साथ रु २५५००/- दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ सो जमानत रकम कम्तिमा ७५ दिन अर्थात् २०८०/०३/०६ गते सम्म कायम हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा स्कुल अफ इन्जिनियरिङ्गको नाममा कामना सेवा विकास बैंक लिमिटेड, पोखरा-३० (लेखनाथ) ढुङ्गेपाटन, कास्की शाखामा रहेको खाता नं. ०१७१३४००२०८६२८००००००३ मा रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ वा सो रकम बराबर उल्लिखित दिन म्याद कायम भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
६. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

| सर्भे क्याम्प सम्बन्धी सङ्क्षिप्त विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सञ्चालन हुने स्थान | सर्भे | | होटल/आवास | सहभागी सङ्ख्या | प्रस्तावित मिति | कैफियत |
| कास्की, स्याङ्जा, तनहुँ, लम्जुङ र पर्वत जिल्ला भित्रको कुनै एक स्थान | Topographic Map Survey | २० रोपनी जमिन र कम्तिमा ५ वटा भवन भएको हुनुपर्ने | स्टाफ आवास, छात्र तथा छात्रा आवास, स्टोर रुम, कक्षा सञ्चालनका लागि हल | स्टाफ, छात्र तथा छात्रा गरि जम्मा अनुमानित ६५ जना | २०८०/०१/१० देखी २०८०/०१/१९ सम्म | |
| | Bridge Site Survey | झण्डै ५ किमी दुरिमा खोला भएको हुनुपर्ने | | | | |
| | Road Site Survey | आवास क्षेत्र वरिपरि सर्भे गर्ने मोटर बाटो भएको हुनुपर्ने | | | | |